# घर भाडामा दिने सम्बन्धी सूचना

( प्रकाशित मिति २०७९।०२।२०)

नागरिक लगानी कोषको स्वामित्वमा रहेको काठमाँडौ जिल्ला का.म.न.पा बडा नं ३१ नयाँ बानेश्वरको कि.नं १४६ को जग्गामा बनेको कोषको कार्यालय भवनको खाली रहेको तेश्रो र पाँचौ (रुफ टप) तलाको केही भाग भाडामा दिनको लागि नेपाल सरकारको स्वामित्व रहेको कार्यालय, संघ, संस्थान, समिति, कोष, परिषद एवं बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, अन्य संगठीत संस्था तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था (INGO) हरु बाट दरखास्त आव्हान गरिन्छ ।

तेश्रो र पाँचौ तलाको भाडामा दिन प्रस्ताव गरिएको क्षेत्रफल क्रमश ११,१६७।१० र ९,७४६।३० वर्गफिट रहेको छ । उक्त तलाहरुको न्युनतम भाडादर क्रमश कर बाहेक प्रति वर्ग फिट रु.१२०।- र रु.१२५।-कायम गरिएको छ । इच्छुक माथी उल्लेखित संस्थाहरुले कम्तीमा ९,७४६।३० बर्ग फिटमा नघट्ने क्षेत्रफलका लागि आफुले भाडामा लिन चाहेको तलाको क्षेत्रफल खुलाई यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारी एवं उक्त स्थान अवलोकनको लागि तलको ठेगानामा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

**घर भाडा सम्वन्धी मुख्य शर्तहरु**

१. घर भाडामा लिए पश्चातको प्रयोजन, भाडामा लिने वर्गफिट र भाडामा लिन चाहेको भाडा दर प्रतिवर्ग फिट अंक र अक्षरमा खुलाई पेश गर्नुपर्ने छ ।

२. साझा क्षेत्रको सर-सफाई र भवन सुरक्षाको लागि प्रतिवर्ग फिट रु ५।०० छुट्टै रकम बुझाउनु पर्नेछ ।

३. बिजुली उपयोगमा सवमिटर राखी कोषले तोकेको दरमा बिद्युत् सुविधा उपलब्ध गराइने छ । सो को दर कार्यविधिमा तोके बमोजिम आपसी सहमतीमा तय हुने छ ।

४. कोषले उपलब्ध गराएको जेनेरेटरको बिजुलीको महसुल सो को लागतको आधारमा त्यसको प्रति युनिट दर पछि तय गरिने छ ।

५. कार्यालय प्रयोजनका सवारी साधनको संख्या तोकी पार्किङ क्षेत्र छुट्टै निः शुल्क तोकिने छ ।

६. भाडामा बस्नेले आफनो सम्पती र सरसामानको बीमा आफै गर्नुपर्नेछ ।

७. प्रत्येक २/२ बर्षमा १० प्रतिशतका दरले घर भाडा रकम बृद्धि हुने छ ।

८. घर भाडा लिए पछि एउटाले लिएको घर अर्कोलाई दिन पाइने छैन ।

९. घर भाडामा दिने /नदिने अधिकार कोषसंग सुरक्षित रहनेछ ।

**१०.घर भाडामा लिन दरखास्त दिदा पेश गर्नुपर्ने कागजातहरु**

क.संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

ख. आ.ब २०७७/७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

**नागरिक लगानी कोष**

नयाँ बानेश्वर, काठमाडौं

पोष्ट बक्स नं. ५८२३

फोनः ०१-५९७०२०१

ई-मेल : info@nlk.org.np

वेभसाइट :ww.nlk.org.np